२. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को सट्टा निम्निलिखित दफा ३ राखिएकोछः–

३. लिखतहरूमा लाग्ने लालमोहरको किसिमः– निम्नलिखित विषयको लिखतको शिरमा देहायका किसिमको लालमोहर छाप लगाइनेछः–

(क) लालमोहरद्वारा गर्नुपर्ने पदको नियुक्तिपत्रमा र विदेशको लागि शाही राजदूतको नियुक्तिपत्रमा बान्ह राशी,

(ख) देहायका लिखतहरूमा प्रशस्तिसहितको ठूलो छापः–

(१) ऐन र अध्यादेशको लिखतमा,

(२) खण्ड (क) र खण्ड (ख) को उप–खण्ड (१) मा लेखिए बाहेक नेपाल कानूनले लालमोहर हुनुपर्ने अन्य लिखतमा ।

३. मूल ऐनको दफा ४ र ४ क. मा संशोधनः– (१) मूल ऐनको दफा ४ को उप-दफा (१) मा रहेको दफा ३ को 'खण्ड (ख) र (ग)' शब्दहरूको सट्टा 'खण्ड (क) र (ख) शब्दहरू राखिएकोछ ।

(२) मूल ऐनको दफा ४ क. मा रहेको 'दफा ३ को खण्ड (ग)' शब्दहरूको सट्टा 'दफा ३ को खण्ड (ख)' राखिएकोछ ।

४. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को सट्टा निम्नलिखित दफा ६ राखिएकोछ ।

६. श्री ५ को सरकारको नियम बनाउने अधिकारः– यो ऐनको उद्देश्य पूर्ति गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

लालमोहर सदर मिति २०२०।५।१०।२

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह–सचिव,
कानून तथा न्याय मन्त्रालय ।

२५७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।